सुचना ! सुचना !! सुचना !!!

सुचना प्रकाशन मितिः २०७९/०८/२२ गते

हाम्रो मिर्चैया नगरपालिका खुल्ला दिसापिसाब मुक्त क्षेत्र घोषणा भइसकेको तर यसको दिगोपना र निरन्तरता दिन हामी जन सामुदायको कर्तव्य रहेको साथै "सफा नगर, स्वास्थ्य नगरवासी" को अवधारणालाई कार्यन्वयनका लागि तपसिल बमोजिम पूर्ण सर सफाईका सूचकहरुलाई कार्यन्वयन गर्न र गराउन सम्पूर्ण जन-समुदायमा अपिल गर्दछौं ।

## "सभ्य बनौं र स्वास्थ्य रहौं", "सबै रोगको दबाई, राखौं घरवार सरसफाई"

१. आफ्नो घर, पसल, कल कारखाना, होटेल, लज, विद्यालय तथा अन्य निजि व्यवसायबाट निसकेको फोहोर जथाभावी सडक बाटोमा नफाली आफ्नै घर वा व्यवसाय गर्ने ठाउँमा सुरक्षित तरिकाले राख्ने व्यवस्था गरौं र नगर सरसफाईको ट्रयाक्टर आएको बेला त्यसमा आफै स्वयम फाल्ने बानी बसालौं । सो अनुसार नगरी सडक वा अन्य ठाउँमा जथाभावी फोहर फालेको देखिएमा कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराइन्छ ।

२. नगरलाई सुन्दर, सफा र हरियाली राख्नका निम्ति नगरवासी स्वयमको पनि दायित्व रहेको हुँदा आ-आफ्नो घर र व्यवसाय वरिपरी आफैले सफा गर्ने, गर्न लगाँउने र फोहोर फाल्ने जो-कोहीलाई पनी सम्झाई बुझाई सहि र उचित ठाउँमा फोहोर फाल्ने वातावरण बनाउन समेत सबैमा अनुरोध छ ।

३. सडकको पेटीमा फोहोर फाल्नका निम्ति नगरपालिका बाट ठाउँमा डस्ट-विन (DUSTBIN) को व्यवस्था गरिएको छ । उक्त डस्ट-विन सडकमा हिड्ने बटुवाहरुको लागि मात्र फोहोर फाल्ने ठाउँ भएको हुँदा उक्त डस्ट-विनमा त्यहाँ घर वा व्यवसाय भएका व्यक्तिले फोहोर नफालौ सो नगरी डस्ट-विनमा फोहर फालेको फेलापरेमा वा समातिएमा सक्त कारबाही भोग्नु पर्ने व्यहोरा जानकारी गराइन्छ ।

४. हाम्रो नगर खुल्ला दिसा मुक्त नगर घोषणा भइसकेको हुँदा उक्त गरिमालाई जोगाउन खुल्ला ठाउँमा आँफु शौच नगरौ र अरुलाई पनि शौच गर्न नदियौं । खुल्ला ठाउँमा दिसा गरेको पाएमा वा समातिएमा फोहोर व्यवस्थापन ऐन अनुसार कार बाही हुने व्यहोरा जानकारी गराइन्छ ।

५. घर, पसल, कल कारखाना, होटेल, लज, विद्यालय तथा अन्य निजि व्यवसायबाट निसकेको ढल वा फोहोर पानीलाई आफ्नो तरिकाले व्यवस्थापन गरौं । सडकमा बगाउने वा फाल्ने कार्यलाई यो सुचना प्रकाशन भएको मिति देखि ७ दिन भित्र व्यवस्थापन वा बन्द गरौ सो नगरको खण्डमा फोहोर व्यवस्थापन एने अनुसार कारबाही भोग्नु पर्ने जानकारी गराइन्छ ।

६. घुम्ती पसल, अस्थायी पसल, ठेला, चटपट तथा अन्य सडकमा घुम्ती रुपमा व्यवसाय गर्ने व्यवसायीहरुले सुचना प्रकाशन भएको मितिले एक हाता (७ दिन) भित्र नगर सरसफाई शाखामा गई आ-आफ्नो पसलको दर्ता गराई रुट र ठाउँ एकिन गराउन जानकारी गराइन्छ साथै निसकेको फोहोरलाई नियमानुसार व्यवस्थापन गर्न जानकारी गराइन्छ ।

७. पुर्व- पश्चिम राजमार्गको मध्य बिन्दुबाट ८२ फिट उत्तर र ८२ फिट दक्षिण भित्र पर्ने सम्पूर्ण पसल तथा कारोबार बन्द गर्न सुचित गरिन्छ । साथै उक्त क्षेत्र भित्र भएको अन्य कुनै स्थायी वा अस्थायी संरचना वा अतिक्रमण गरि प्रयोग गरेको भए सुचना प्रकाशनको सात (७) दिन भित्र उक्त पसल, सर-समान र संरचना हटाउन सुचित गरिन्छ । साथै सो समयाबधि भर खाली नगरेको पाइएमा नगरपालिकाले जुन सुकै बेला पनि उक्त पसलको सामानहरु जफत गर्ने वा संरचना भत्काउन सक्नेछ साथै त्यस्ता व्यक्ति र व्यवसायलाई सडक व्यवस्थापन ऐन अनुसार कारबाही गरिने जानकारी गराइन्छ ।

८. मिर्चैया नगरपालिकाको वडा नं. १ देखि १२ सम्मको सबै सहायक तथा मुख्य सडकहरु तोकिएको मापदण्ड अनुसार १५ दिन भित्र खाली गर्नहुन जानकारी गराइन्छ साथै सडकको पेटी वा बाटोमा भएको दाउरा, मल, गाईवस्तु तथा अन्य सामाग्री सात (७) दिन भित्र खाली गरि सफा राख्न जानकारी गराइन्छ । साथै सो समयावधि भर खाली नगरेको पाइएमा नगर पालिकाले जुन सुकै बेला पनि उक्त सामान वा वस्तुहरु जफत वा संरचना भत्काउन सक्नेछ । साथै त्यस्ता व्यक्ति र व्यवसायलाई सडक व्यवस्थापन ऐन अनुसार कारबाही गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

९. नगरपालिकाको फोहोर फाल्ने ट्राक्टरहरु पसल, व्यवसाय, कारखाना तथा घरायसी फोहर संकलन गर्न हप्ताको २ देखि ३ दिन तोकेको समय र रुटमा नगर भित्रको सहरी क्षेत्र वडा नं. ५,६ मा परिचालन हुने र त्यसको समय तालिका तल तालिका नं.१ मा उल्लेखित छ ।

| | |
|---|---|
| .............................. | .............................. |
| सुजित कुमार यादव | श्रवण कुमार यादव |
| प्रमुख प्रशासकिय अधिकृत | नगर प्रमुख |

मिर्चैया नगरपालिकामा सरसफाई सेवा शुल्क वाप्त तपसिल अनुसार शुल्क निर्धारण गरीएकोछ । र सो शुल्क मसिर महिना देखि लागुहुनेछ ।

| क्र.स. | व्यवसाय वा विवरण | सेवा शुल्क | समुह |
|---|---|---|---|
| १. | ठुलो होलसेलर पसल वा स्कुल | ५००/- | समुह A |
| २. | मझौला पसल व्यवसाय | ३००/- | समुह B |
| ३. | सानो पसल/ निजी घर | १००/- | समुह C |

नोटः मिर्चैया नगरपालिका क्षेत्र भित्र रहेको व्यवसाय वा पसलहरुको वर्गीकरण समिति द्वारा गरिसकेको र सोही वर्गीकरण बमोजिम सेवा शुल्क लाग्नेछ ।मिर्चैया नगरपालिकाको वडा नं. ५,६,४ को सहरी क्षेत्र र ७ को सहरी क्षेत्र भित्र तपसिल अनुसारको दिन र समय सरसफाई ट्रयाक्टर परिचालन हुनेछ र सोही दिन र समय मात्र फोहोर फाल्न सबैमा अनुरोध छ ।

| सि. न. | रुट-स्थानहरु | दिन/समय | गाडी नं. | चालकको फोन नं. |
|---|---|---|---|---|
| १. | वतहा खोला देखि थाना हुदै बजार हुदै खोला सम्म हाइवेको दिक्षीणपट्टी मात्र | सोमबार, बुधबार, शुक्रबार बिहान ७ देखी ११ बजे सम्म | स. १ द ७३ | ९८२२३३९८१४ |
| २. | वतहा खोला देखि थाना हुदै बजार हुदै खोला सम्म हाइवेको उत्तरपट्टी मात्र | सोमबार, बुधबार, शुक्रबार बिहान ७ देखी ११ बजे सम्म | स. १ द ७२ | ९८०५९६९९५७ |
| ३. | थाना चौक हाईवेको दक्षिणपट्टी संस्था चौक हुदै १२ विघा हुदै गट्टी रोड हुदै खोला सम्म | सोमबार, बुधबार, शुक्रबार बिहान ७ देखी ११ बजे सम्म | आईचर ट्रेक्टर | ९८१९९५११३४ |
| ४. | थाना चौक हाईवेको उत्तरपट्टी संस्था चौक हुदै झण्डा टोल र जिवा रोड हुदै पोल्र स्टार जाने रोड देखी खोला सम्म | सोमबार, बुधबार, शुक्रबार दिउँसो १ देखी ५ बजे सम्म | आईचर ट्रेक्टर | ९८१९९५११३४ |
| ५ | मिर्चैया अस्पताल हुदै कटारी चौक हुदै नगरपालिकाको व्वाटर हुदै टाईम्स स्कुल सम्म | सोमबार, बुधबार, शुक्रबार दिउँसो १ देखी ५ बजे सम्म | स. १ द ७२ | ९८०५९६९९५७ |
| ६ | सगरमाथा टोल हुदै कटारी चौकको शान्ति चिया पसल हुदै रेडक्रस हुदै मोहन मा.वि. हुदै बजार सम्म | सोमबार, बुधबार, शुक्रबार दिउँसो १ देखी ५ बजे सम्म | स. १ द ७३ | ९८२२३३९८१४ |
| ७. | मिर्चैया गुदरी बजार | आईतबार र बिहिबार बिहान ७ बजे देखि ११ बजे सम्म | आईचर ट्रेक्टर | ९८१९९५११३४ |
| ८. | मथलेश्वर बजार र घुर्मी बजार | आईतबार बिहान ७ देखी ११ बजे सम्म | स. १ द ७२ | ९८०५९६९९५७ |
| ९. | नगरपालीकाको अन्य कार्यकोलागि बाँकी रहेको दिन ट्रेक्टर प्रयोग गर्न सक्नेछ । | | | |

नोटः सरसफाईको ट्रेक्टर आउँदा साईरन बजाउदै आउने भएकोले सम्पूर्ण व्यक्ति, व्यवसाय वा पसलले स्वंयम आफै फोहोर लिएर ट्रेक्टरमा फाल्नुपर्ने छ । र अब उपरान्त जथाभावि बाटो घाटोमा फोहोर फालेको समातिएमा कानून बमोजिम कडा करबाही हुने व्यहोरा सम्पूर्ण जनसमुदायमा जानकारी गराईन्छ ।

विस्तृत जानकारीको लागि नगरपालिको सर-सफाई शाखामा सम्पर्क गर्नुहोला ।

✱ धन्यवाद ।✱

...................
सुजित कुमार यादव
प्रमुख प्रशासकिय अधिकृत

...................
श्रवण कुमार यादव
नगर प्रमुख

मुद्रकः आदित्य अफसेट एण्ड फलेक्स प्रिन्टीङ्ग मिर्चैया मो. ९८१५७३०१७०, ९८४२८२०२५५